नयनराज पाण्डे । २०७४ । *यार* । काठमाडौँ : फाइन प्रिन्ट ।

नयनराज पाण्डेले आफ्नो नयाँ कृति *यार*मा केवल एउटा साथीको साथको होइन, थुप्रै साथीहरूको साथको प्रसंग उठाएका छन् । *उलार*, *लू*, *सल्लीपीर*, *घामकीरी* जस्ता उपन्यास र *चकलेट*, *निदाए जगदम्बा* शीर्षकका कथा संग्रह जस्ता आख्यान मार्फत नेपाली साहित्यिक जगतमा अब्बल आख्यानकारको परिचय बनाएका पाण्डेले *यार* मार्फत भने आफ्ना पाठकलाई संस्मरण पस्केका छन् । मूलतः साहित्यमा प्यारका कथा धेरै लेखिने र पढिने गरिन्छ, यारका कथा निकै कम मात्र लेखिएका छन् । यस्तो परिप्रेक्ष्यमा पाण्डेको *यार*ले बेग्लै स्वाद पस्केको छ ।

*यार* पुस्तकमा मित्रताका विविध आयाम पर्गेल्ने २५ ओटा संस्मरणात्मक निबन्ध समाविष्ट छन् । बालापनदेखि प्रौढ अवस्था सम्मका अनेक साथीहरूको चरित्र चित्रण गरेका छन् लेखकले । देहातको परिवेशमा साइकल कुदाउँदै हिँड्ने फुच्चे केटोदेखि कहलिएको साहित्यकार सम्मको आफ्नो जीवन यात्राका विविध खाले साथीहरूसँगको संगत र तिनको यादलाई यस पुस्तकले समेटेको छ । सद्भाव, प्रेम, विश्वास, धोका, पेशा, पैसा, स्वार्थ, शर्त, अपेक्षा, आकलन जस्ता साना-ठूला चक्र बीचमा मित्रताका विभिन्न पाटोलाई बडो सावधानीपूर्वक केलाइएको छ । यारका संस्मरणहरू फरक पात्रका बारेमा मात्र छैनन्, तिनमा लेखाइको शिल्प र स्वादमा समेत भिन्नता पाइन्छ ।

*संस्मरणमा समाजको तस्बिर*

विभिन्न तह र तप्काका अनेक पात्रले बाँचेको पृष्ठभूमि, परिवार र समाजको प्रवृत्ति, सांस्कृतिक धरातल, आदिको सचित्र वर्णन भेटिन्छ *यार*मा । पाण्डेले भोगेको यथार्थ र उनले बाँचेको विविध परिवेशको जगमा समाजको चिन्तन, त्यो कालखण्डको सोचाइ, आदिलाई विश्लेषण गर्न सकिन्छ । यस पुस्तकमा उल्लेख्य मात्रामा बाल्यकालका स्मृति, स्कूल र कलेजको विद्यार्थी जीवन अनि प्रौढ अवस्थाका अनेक प्रसंग अटाएका छन् ।

शहरले मानिसका मनमा अनेक थरी रहर भरिदिन्छ र ती रहर पूरा गर्ने सामर्थ्य नहुँदा विभिन्न कहर आइलाग्छन् । रहर पूरा गर्नकै लागि मानिस बदनियतपूर्ण व्यवहार सिक्दछ भन्ने सन्देश "हेलमेट" शीर्षकको संस्मरणले दिन्छ । शहरमा अभावसँगै ईर्ष्या र संघर्ष समेत प्रचुर मात्रामा पाइन्छ । लेखक र उनका साथीहरूसँग निश्चित आकांक्षा छन् र उनीहरू ती आकांक्षाका दास बनेका छन् । अनि अभावको कारण आफ्नै नजरबाट गिर्ने गरी छल गरेका छन् उनीहरूले । "राम्री" शीर्षकको संस्मरणमा ख्यालठट्टामा दिइएको सानो टिप्पणीको आधारमा पाण्डेको साथीकी श्रीमती नायिका बन्ने रहर गर्दछिन् । यसका कारण कालान्तरमा उनीहरूको पारिवारिक सम्बन्धसँगै पाण्डेको मित्रता पनि तहसनहस

भएको देखिन्छ । "कमिज" मा अभावको जीवन बाँचिरहेका, आँफैसँग हारेका उनका कवि मित्र मुखले परिवर्तन भइसकेँ भने पनि व्यवहारले फिटिक्कै परिवर्तन भएका हुँदैनन् । उनका मित्रले शुभेच्छुकको सहयोगमा कमिज किनेका हुन्छन्, कुरैकुरामा उनी वेटरलाई त्यो कमिज "ट्राइ" गर्न लगाउँदै निकै सुहाएको भनेर तारिफ गर्छन् । तर, अन्त्यमा कमिज फिर्ता लिन्छन् । आफै सहयोग लिएर काम चलाउने मित्रले वेटरलाई कमिज देलान् भनेर लेखकले गरेको अनुमान नै चरम उदारताको अपेक्षा जस्तो लाग्दछ ।

*यार* पढ्दा लेखकको परिवार हुनेखाने नै भएको बुझिन्छ । आफ्नो साथीका माता र पितालाई उनले सामान्य शिष्टाचार पनि नदेखाएको देख्दा भने अचम्म लाग्छ । आफ्नै साथीकी आमाको विषयमा उनले यसरी लेखेका छन्, "गुब्बेकी आमा मुन्नी हप्तामा एकचोटि एउटा हातमा जुटको थोत्रो बोरा र अर्को हातमा खुर्पा र हँसिया लिएर हाम्रो घरपछाडिको खेतमा दुबो खुर्कन र घाँस काट्न आउँथी" (पृ.२९) । यस सन्दर्भले समाजको वर्गीय विभेद र यसले सामाजिक जीवनमा पारेको असरप्रति केही संकेत गर्दछ ।

नेपाली समाजको वर्गीय भेदभावको लेखाजोखा गर्न सफल छ उनको "मौन" शीर्षकको संस्मरण । पाण्डेले चिनी, चियापत्ती, आलुप्याज, नुनका अलावा सौखिन जस्ता लाग्ने बिस्कुट, पाउरोटी, कापी किनिरहँदा उनको साथी गुब्बे केबल प्याज, भेली र उसकी आमाले घाँस काट्ने हँसिया किन्छ । खरिदका यी सामग्रीको आधारमा उनीहरू बीचको वर्गीय धरातलको दूरी प्रस्ट छुटिन्छ । यही संस्मरणमा उनले सीमामा जाँचपासमा बस्ने दरोगा र भन्सारका कर्मचारीले सामान्य पहाडीलाई सहज व्यवहार गरेको तर मधेसी तथा कर्णाली तिरका सोझा पहाडीलाई निकृष्ट स्तरको व्यवहार गरेको उल्लेख गरेका छन् ।

पाण्डेका यी संस्मरणात्मक निबन्धहरू एउटै स्थान, समयकाल र परिवेशमा लेखिएका होइनन् । त्यसैले, लेखकसँगै विभिन्न स्थान, कालखण्ड र परिवेशमा घुमिरहने भएकाले पाठकलाई पट्ट्यार लाग्दैन, बरु रोचक अनुभूति सहित यात्रा गरिरहेको महसुस गर्छन् तिनले । नेपालगञ्ज वरिपरिको संस्मरणमा तराई, सीमाना, सीमान्तकृतहरूको परिवेश, र बाल्यकालका सम्झना छन् भने काठमाडौँ वरिपरिको संस्मरणमा प्रतिस्पर्धा, अभाव, कुण्ठा, खिचातानी धेरै देखिन्छ ।

### *आत्मीयता र व्यावसायिकता*

यो संस्मरण पुस्तकमा पेसा र पैसा, आत्मीयता र व्यावसायिकताको अन्तरविरोध प्रशस्तै पाइन्छ । यो तथ्यलाई पाण्डेले समेत स्वीकारेका छन् । आत्मीयता र व्यावसायिकतामा सन्तुलन कायम गर्न नसक्दा निम्तिने परिणाम देखाउन काफी छन् "धराप," "ताल्चा," "संवेदना" र "कृतघ्न" शीर्षकका संस्मरणहरू । "धराप" मा लेखक आफ्नो मित्रको अनुरोधमा उसको लागि नगरबधू खोजिदिन्छन् तर उनको मित्र आउँदैनन् । यद्यपि, नगरवधूले पैसाको

लागि यो पेसा अँगालेको भए तापनि नगरेको कामको पारिश्रमिक लिन उसको नैतिकताले नदिने भनेर बाटो लाग्छे । यो नगरबधूले आफ्नै खाले व्यावसायिकता र नैतिकताको पाठ पढाएकी छे । “संवेदना” मा आफ्नो व्यक्तित्व विकासमा अमूल्य योगदान गरेको व्यक्तिलाई समेत हामी व्यावसायिक बन्ने चक्करमा कति असंवदेनशील व्यवहार गर्दछौँ भन्ने देखाइएको छ । “मोटो” शीर्षकको संस्मरणमा मानवताको पाठ पढाउने, गैरसरकारी संस्थामा कार्य गर्ने, समाज सेवाको आडम्बर गर्ने उनको मित्र आफ्नो घरभित्र भने आफै निमुखालाई शोषण गरिरहेको हुन्छ । सुन्दर आवरण बोकेर कुकर्ममा संलग्न भएका यारहरूसँग सचेत बनाउँछ यस संस्मरणले ।

*यार*मा विभिन्न सम्बन्धहरू आकलनको कारण धरापमा परेका छन् र पात्रहरूको मनोदशा दयनीय बनेको छ । जस्तै, शीर्ष संस्मरण “यार” मा युवा अवस्थामा साथीसँग तिक्ततापूर्ण बनेको सम्बन्ध कालान्तरमा सुमधुर बनेको उल्लेख गरेका छन् लेखकले । उनले साथीसँग आर्थिक सहयोग लिन्छन् र एक महिने सूचना प्रदान गर्ने बित्तिकै रकम फिर्ता गर्ने प्रतिबद्धता पेश गर्दछन् । अनेक समस्याका कारण उनी पैसा फिर्ता गरिहाल्दैनन् र उनको साथीले पनि मुख खोलेर पैसा माग्दैन, तर पछि उनको मोटरसाइकल मागेर फिर्ता नै गर्दैन । यसको चुरो आर्थिक लेनदेन भएको भेउ पाएपछि लेखक साथीलाई व्याज र साँवासहित रकम फिर्ता गर्दछन् । यद्यपि, उनले यस संस्मरणमा उनीहरूको सम्बन्ध बिग्रनुको कारण युवा अवस्थाको तिक्तता नै हो भनेर आकलन गरेका छन्, र सो रकमले उनको साथीलाई खास फरक नपार्ने उनको आकलन त झनै नमिलेको जस्तो लाग्दछ ।

एक यारले अनेक यारहरूको यादमा लेखेका अनेकौँ सन्दर्भहरू हाम्रा आफ्ना भोगाइसँग पनि जोडिन पुग्छन् । पुस्तक पढिरहँदा हाम्रो दिमागमा पुस्तककै प्रसंगसँग सुहाउने हाम्रा केही यारहरूको अनुहार आँखै अगाडि आइपुग्छन् र हामी आफैलाई मित्रताको कसीमा जाँच्न बाध्य हुन्छौँ । सम्बन्ध केवल सूत्र मात्र हैन, सम्बन्ध बनाउन अनेक अवयव उचित मात्रामा मिल्न जरुरी छ ।

*इमान्दार स्वीकारोक्ति*

पछिल्लो समय नेपालमा आत्मकथा लेख्ने नाममा आफूलाई हिरो बनाउने र अर्कालाई जिरो बनाउने प्रवृत्ति मौलाएको छ । तर, कमजोरी सहितको व्यक्तिको रूपमा सकारेर पाण्डेले आफूलाई पृथक देखाएका छन् । “अप्रिय” मा उनका मित्र माओवादी भएको प्रसंग छ । जनयुद्धको बेलामा माओवादी लडाकुसँग घनिष्ठता हुनु भनेको सरकारी जासुस र प्रशासनको कोपभाजनमा पर्नु हो र यसले आफूलाई संकटमा पार्छ भन्ने उनले अनुमान गर्छन् । उनी स्वीकार्छन् : “तर, म उनको मृत्युमा रोइनँ । रुन सकिनँ, बरु पिएँ । मातेँ र, निदाएँ” (पृ. १६१) । यद्यपि, ती मित्रको मृत्यु भएकै हुँदैन र तिनै मित्रले पुनः लेखकलाई

फोन गर्दा लेखक फोनमा बोल्न समेत असहज महसुस गरेको स्वीकार्दै आफैलाई स्वार्थी र कमजोर भनेका छन् ।

"कृतघ्न" संस्मरणमा नेपालको साहित्यिक क्षेत्रको पुरस्कारको नाममा पर्दा पछाडि हुने खेलको स्पष्ट चित्रण छ । उनका मित्र साझा प्रकाशनको सञ्चालक हुँदा लेखकले गरिमा सम्मान प्राप्त गर्दछन्, र पछि लेखक सोही प्रकाशनमा सञ्चालक हुँदा उनका तिनै मित्रलाई सहयोगको हिस्सा बराबर गर्नको लागि पुरस्कार दिलाएका छन् । लेखकले जुन कथाको लागि पुरस्कार पाएका थिए, त्यो औसत थियो भनेर स्वीकारेका छन् र आफू समेत पुरस्कारको भागबन्डामा सामेल भएको सकार्दै पुरस्कार वितरणको परिपाटीबारे स्पष्ट पारेका छन् ।

"अग्लो" ले बनको बाघले भन्दा मनको बाघले खान्छ भन्ने उखान याद दिलाउँछ । उनका मित्र गोविन्द वर्तमानले उनीसँग भेट्न खोजिरहँदा उनी भने थप आर्थिक सहयोग गर्नपर्ने अवस्था आइलाग्यो भन्ने अनुमानको आधारमा भाग्छन् । तर, अन्त्यमा वर्तमानले उनलाई पहिले लगेको सापटी लिएको पैसा फिर्ता गर्न खोजेका रहेछन् भन्ने जान्दा लेखक लज्जित हुन्छन् र वर्तमानको शालीन व्यवहार र निष्ठाप्रति नतमस्तक हुन्छन् ।

"प्लास्टिक" संस्मरणमा लेखकले आफ्नो विवाहेत्तर सम्बन्धका बारेमा बोलेका छन्, र कानूनी, नैतिक र सामाजिक आधार बिनाको सम्बन्धको आयु छोटो हुने स्वीकारेका छन् । उनकी कुनै बेलाकी प्रेमिकाको वैवाहिक जीवन खल्बलिन्छ र उनी पाण्डे मार्फत उनकी श्रीमतीसँग माफी माग्दछिन् । पाण्डेले कुनै बेला सारा संसार छोडेर स्वीकार गरेकी प्रेमिका प्रतिको प्रेमलाई कालान्तरमा आशक्ति भन्छन्, त्यो प्रेमलाई झ्यालखाना करार गर्दै त्यहाँ उनको चेतना, चिन्तन, कर्म, विवेक र नैतिकता नै बन्दी भएको थियो भन्दै आत्मालोचना गरेका छन् ।

काठमाडौँमा आएर व्यावसायिक रूपमा लेखनमा सफल नहुँदैका अनेक संघर्षदेखि फिल्मको स्क्रिप्ट लेख्दा लगायतका प्रसंग छन् *यार*मा । अहिले एक सफल आख्यानकार बनेका लेखकको सारा संसारले देख्ने चमकधमकपूर्ण अनुहारभन्दा उनी आफैले बिनानकाब दिनहुँ हेर्ने सक्कली अनुहार फरक छ । *यार*मा उनले हामीलाई आफ्नो वास्तविक अनुहार देखाएका छन् । आम मानिस जस्तै सेलिब्रेटी लेखकको जीवनमा पनि खुसी हुन र दुःखी हुन साना बहाना काफी छन् र सम्बन्ध टुट्न पनि साना आकांक्षा, आवश्यकता र अपेक्षाकै भूमिका रहन्छ भन्ने यस संस्मरणले प्रस्ट्याउँछ ।

*विषय-विमुख संस्मरण*

लेखन शिल्प र प्रस्तुति राम्रो हुँदाहुँदै पनि केही असंगति यी निबन्धहरूमा पाइन्छ । कुनै संस्मरणमा लेखक पाण्डे मित्रताबारे लेखिरहे पनि बहकिँदै अन्य विषयमा ज्यादा हराउँछन् ।

उनले केही संस्मरण "मजाक," "राम्री" मा अनावश्यक भूमिका र दृष्टिकोण राखेर तन्काएका छन् । यसले गर्दा यी संस्मरण साह्रै खल्लो र निरस बनेका छन् । कतै नितान्त निजी प्रसंग उप्काएको पाइन्छ, जुन सचेत पाठकलाई अनावश्यक लाग्छ । आफ्नो विषयमा अत्यन्तै संवेदनशील भए तापनि आफ्ना साथीहरूको रहस्योद्घाटन गर्ने मामिलामा उनी असंवेदनशील लाग्छन्, किनकि उनले आफ्ना मित्रका अत्यन्तै वैयक्तिक जीवनका पाटा खोतलेका छन् ।

"बर्जित" र "गुप्त" संस्मरणमा समाजको परम्परागत मान्यता र परिभाषामा नअटाउने सम्बन्धहरूको दुःखद् अन्त्य देखाइएको छ । "बर्जित" मा समाजले स्वीकार नगर्ने प्रेम प्राप्त गर्ने जोडीले जीवन नकारेका छन् भने "गुप्त" मा फरक यौनिक दृष्टिकोण भएका व्यक्तिको रहस्यमय मृत्यु हत्या थियो वा आत्महत्या भन्ने प्रश्न छ । यी संस्मरण मित्रताको बारेमा भन्दा पनि अन्य विषयवस्तुलाई केन्द्रमा राखेर लेखेको पाइन्छ । "पण्डित" संस्मरण औसतभन्दा पनि कमजोर लाग्दछ । मित्रको बारेमा लेखिएको भए पनि यसमा उनले आफ्नो मित्रले पिउन छोडेको कारणले उनीसँग मात्त पाइनँ भन्नलाई नै धेरै शब्द खर्चेका छन् लेखकले । रक्सी सँगै नपिउँदैमा असल मित्र नहुने त पक्कै होइन होला ?

उनी बाल्यकालका साथीहरूसँग पूर्णतः दूरीमा हुनु र अहिले संस्मरणको प्रयोजनार्थ मात्र सम्झनु, अधिकांशको नाम नै बिर्सनु भने *यार* शीर्षकको पुस्तक लेखकलाई त्यति सुहाए जस्तो लाग्दैन । "इजार" मा लेखकले छ कक्षा पढ्ने बालक साथीको सम्झनामा "अफगानी अत्तरजस्तो सुकिलो तर मादक बास्ना" (पृ. ८) सम्झनु, "अंकमाल गर्नु नै प्रेम र यौन सम्बन्धको उत्कर्ष हो भन्ने लाग्थ्यो त्यतिबेला" (पृ. ११) भन्नु, र तुरुन्तै केटाकेटी सँगै "सु" गर्न जाँदा लाज नमान्नु भने विरोधाभासपूर्ण देखिन्छ । यहाँनेर पाण्डे बाल्यकालको यादलाई बालककै दृष्टिकोण प्रदान गर्नमा चुकेका छन् ।

*अन्त्यमा,*

समाजमा रहेको मित्रताका अनेक आयाम छन् *यार*मा । पाण्डेका मित्र, आफन्ती र यो संस्मरणका पात्रले समाज र मित्रका अनेक पाटा देखाउँछन् । आफन्त र सम्बन्धलाई पनि आवश्यकता अनुसार आफ्नो स्वार्थ पूर्तिका लागि उपयोग गर्ने हाम्रो सामाजिक प्रवृत्ति पुस्तकमा प्रतिबिम्बित हुन्छ । मित्रताको सम्बन्धमा समाजको धारणा र मान्यता नै विरोधाभासयुक्त देखिन्छ । एकतिर असमान आर्थिक-सामाजिक हैसियतका व्यक्तिहरू बीचमा पनि उदाहरणीय मित्रता हुन सक्छ भन्दै कृष्ण र सुदामाको कथा पनि सुनाउँछौँ; सँगसँगै अर्कोतिर आफ्नो बराबर वा त्योभन्दा उच्च हैसियत भएको व्यक्तिको संगत गरे मात्र आफ्नो प्रगति हुन्छ भन्ने पनि ठान्छौँ । "मजाक" संस्मरणमा पाण्डेले वर्षौंपछि बाल्यकालको मित्र भेट्दा उनीहरूको असमान सामाजिक हैसियतले मित्रतामा खाडल

ल्याइदिएको महसुस गरेका छन् । उनका मित्रले लेखकलाई उनको नामसँग "बाबु" जोडेर सम्बोधन गर्नुले मित्रतामा पनि असमान सामाजिक हैसियतको गन्ध आएको जनाउ दिन्छ ।

केही निश्चित प्रक्रियाहरू पूरा गरेर गाँसिने मितेरी सम्बन्धलाई नेपाली सामाजमा मित्रताको औपचारिक सम्बन्धको रूपमा लिँदै मीत-मितिनीलाई साथीभन्दा पनि नजिक परिवारका सदस्य सरहको मान्यता दिइन्छ । जातीय विभेदबाट ग्रसित समाजमा समेत ग्रहदशा ठीक पार्नेको लागि ज्योतिषीको सल्लाह बमोजिम कथित "तल्लो" र "माथिल्लो" जातका साथी-साथीबीच मीत वा मितिनी लगाउने चलन पहिल्यैदेखि छ । नेपाली समाजमा व्याप्त मित्रताको एक महत्त्वपूर्ण पाटो मितेरी सम्बन्धको विषयमा भने *यार*मा चर्चा भएको छैन ।

यस संस्मरणमा पाण्डेले देखाउने अनुहार एउटा, वास्तविक अनुहार अर्कै गर्ने मित्रको नालीबेली दिएका छन् । अरूको गल्ती औँल्याउने तर आफ्नो गल्ती ढाकछोप गर्ने, आफ्नो हठ नछोड्ने मित्रहरूबारे सचेत समेत बनाएका छन् । प्रत्येक संस्मरणमा पाठकलाई कौतूहल बनाइराख्न सफल छन् लेखक पाण्डे । उनी पाठकलाई अनेक आकलन गर्न लगाएर अन्तिममा "सरप्राइज" दिन्छन् । सरलतापूर्वक कथात्मक शैलीमा बुनेर साधारण सम्बन्धका जटिल पक्ष बुझाएका छन् लेखकले । चरित्रलाई स्थापना गर्नको लागि आख्यान शैलीको प्रयोग गरेका छन् । साथै, उनले यादहरूको सावितो दिए पनि पाठकलाई निष्कर्ष थोपरेका छैनन्, बरु मूल्यांकनको जिम्मा सुम्पेका छन् । प्रत्येक संस्मरणको अगाडि चित्र पस्केर पुस्तकमा नवीन प्रयोग र नयाँ स्वाद दिन खोजेका छन् लेखकले । तर, कतिपय सन्दर्भमा चित्र र संस्मरणको तादात्म्य नमिलेको देखिन्छ । पाठकले चित्र मार्फत संस्मरणबारे दृष्टिकोण बनाइसकेको हुन्छ, जुन संस्मरण पढिसक्दा गलत पनि हुन सक्छ ।

समग्रमा, केही मीठा, केही ठीकै र केही बेस्वादका संस्मरणहरूको व्यञ्जन हो *यार* । *यार*को शीर्षक नै पाठकलाई तान्ने र मन छुने खालको छ । उनका *लू* र *उलार* जस्ता पुस्तक नेपाली साहित्यको मानक कृतिमा दरिएका छन् । यद्यपि, *यार*लाई भने उनकै अन्य पुस्तकसँग दाँज्दा पनि एक औसत कृतिको रूपमा मात्र लिन सकिन्छ । पढुञ्जेल आफ्नै संस्मरण जस्तो लागे पनि यसका घटना र प्रसंग पाठकको सम्झनामा बस्ने सम्भावना कमै छ ।

**मीरा ढकाल**
पोखरा